**कटहरिया नगरपालिका**

# स्थानीय राजपत्र

**कटहरिया नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः १, संख्या : १, मिति : २०७५/१२/१४**

## भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कटहरिया नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कटहरिया नगरपालिका**

**दोस्रो नगर सभा**

**बजेट वक्तव्य (आ.व.०७५/०७६)**

**नगर सभाबाट स्वीकृत मिति : २०७५।१२।१**

**प्रमाणिकरण मिति : २०७५।१२।१४**

यस नगरसभा समारोहका प्रमुख अतिथि ज्यू, विशिष्ट अथिति ज्यूहरु, अन्य अतिथिगण, नगरकार्यपालिका सदस्य एवं नगरसभा सदस्य ज्यूहरु, कर्मचारी तथा पत्रकार मित्रहरु यस नगरपालिकाको दोस्रो नगर अधिवेशनको यो गरिमाम्य समारोहमा हाम्रो छोटो समयको अन्तरालको निमन्त्रणालाई सहर्ष

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५

स्वीकार गर्दै आफ्नो अति व्यस्तताका वावजुद्ध यहाँसम्म पाल्नुहुने प्रमुख अतिथि, विशिष्ट अथिति, अन्य अतिथिहरु एवं सर्म्पूण उपस्थित महानुभावहरुलाई हार्दिक आभार सहित अभिनन्दन एवं स्वागत गर्दछु ।

कटहरिया नगरको नीति तथा कार्यक्रम तथा बजेट यस गरिमाम्य सभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यस घडीमा देशको परिर्वतनको लागि जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति सर्व प्रथम हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवर्तनकोलागि नेतृत्व गर्ने व्यक्तित्व एवं योगदान गर्ने विभिन्न पक्षहरुलाई उच्च सम्मान गर्दछु । अहिले संविधानको सही कार्यान्वयनुसहित विकासको मूल प्रभावलाई अगाडि बढाउने अवसर हामीलाई प्राप्त छ । यस कार्यमा सहभागी सम्पूर्ण महानुभावहरुलाई हार्दिक अभार सहित धन्यवाद व्यक्त गर्दछु ।

गत आ.व. चुनाव पश्चात केही महिना यहाको विकासको गति तिव्र रहेको सबैमा जगजाहेर छ । विभिन्न कारण वश नगरपालिका नेतृत्व विहिन हुदाँ जनप्रतिनिधिहरुमा मन मोटाव भई एक्एक विकासको गति अवरुद्ध हुन गयो । जस कारण कर्मचारीहरुमा गैर जिम्मेवारीपूर्ण तरिकाले आर्थिक अनियमितता गरी पूर्ण रुपमा नगरपालिका असफल तथा ठप हुन गयो । संघियताको अभयास नभई सकेको अवस्थामा शिक्षा, स्वास्थ्य, कृषि लगायतका कर्मचारीहरु आफ्नो कर्तब्यलाई नबुभेको र कटहरिया न.पा.का सबै राजनीतिक दलहरुको क्रिडा स्थल बनेको हुनाले  कर्मचारी र जनप्रतिनिधी - जनप्रतिनिधी बीच मेल हुन दिएन जसकारण सबै जनता र विकासका काम ठप भइ सबै जनताहरु दुःख पाइरह्यो ।

भर्खरै स्थापित नगरपालिका, नवनिर्वाचित जनप्रतिनीधिहरु, दक्ष जनशक्तिको अभाव पूर्वधारहरुको कमी जनसमुदायमा एकीकृत मानसिकताको अभाव र संघीयताको मोडलको अभ्यासको कमी हुदाँ हुँदै पनि पुनः हाम्रो दृढ इच्छा शक्ति, सयमित नेतृत्व अहोरात खटिने जनप्रतिनीधिको प्रयासले नगरपालिका भित्र विकासका कयौं आयामहरुलाईफेरि अगाडि बढाउन शुरु गरेका छौ । नगरभित्रका सडक पूर्वाधारको निर्माण सार्वजनिक सेवा प्रवाहमा तदारुकता एवं सी.सी. क्याम्रा, इहाजिरी, इन्टरनेट जस्ता प्रविधीको प्रयोग धुवामुक्त नगरको अवधारणाको व्यवहारिक प्रयोग एकीकृत वस्ति विकासका योजनाहरु शिक्षाका पूर्वाधारहरुको विकास गर्नुको साथै खुल्ला दिशा मुक्त नगर घोषणा भई, छात्राहरुलाई साइकल वितरण, बिद्यालयहरुमा टेवल, बेन्च वितरण, रौतहट जिल्लामा पहिलो शिक्षा नगर समिति गठन गरी निशुल्क परिक्षा संचालन गरेको, स्वास्थ्य चौकीमा औषधि वितरण, विभिन्न ठाउँमा स्वचालित खानेपानीको व्यवस्था गरेको, लालबकैयाबाट तहस नहस भएको बाँध, रोडहरु मर्मत तथा निर्माण गरेको र गाउँ गाउँमा सडक ढलान, मठ, मंदिर, चौतारा निर्माण गरेको शितलरीको बेलामा असहायहरुलाई सिरक, व्लैंकेट वितरण गरी फरक पहिचान गरेको सर्वविदितै छ ।

यस आ.व.०७५/०७६ को नीति तथा कार्यक्रम बजेट निर्माण गर्दा यस नगरको सम्पूर्ण जनताको चाहना, भावना माग एवं आवश्यक्तालाई केन्द्रमा राखी यहाँको सम्भावना र चुनौतीको आधारमा दिर्घकालिन उद्देश्य सहित संविधानले दिएको क्षेत्राधिकारको सीमा ख्याल गर्दै राज्यको निर्देशक सिधान्तलाई समेत ध्यानमा राखी अन्य ठाउँको विकासको अनुभवलाई आत्मसात गर्ने कुरा सहर्ष जानकारी गराउन चाहन्छु । निति निर्माण समुनत भौतिक,समाजिक तथा प्राविधिक विकास गर्दै उत्कृष्ट स्मार्ट नगरपालिका वनाउने सोच, नगरको बुहआयामिक विकासको लक्ष्य र जनमानसमा विकास र समृद्धिको अनुभूति गराउने उद्देश्यका साथ सिघ्र बढाउनेछु ।

कटहरिया नगरपालिका राजपत्र २०७५

आदरणीय जनसमुदाय,

**"कटहरिया नगरपालिकाको समृद्धिको आधार, कृषि औधोगिक र शहरीकरण सहितको पूर्वाधार"** नारालाई मूल नाराको रुपमाा लिई दिगो विकासको व्यस्थापन एवं सुशासनको प्रत्याभूतिको आधार तयार गरिनेछ । यस नगरपालिकाको आगामी आर्थिक वर्ष ०७५/०७६ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिमको श्रोतको अनुमान गरिएको छ ।

## कटहरिया नगरपालिकाको आय व्ययको सारंश

## आ.व. ०७५।०७६

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| क स | विवरण | रकम रु | क स | विवरण | रकम रु |
| १ | वित्तीय समानिकरण | ११,५७,००,०००। | १ | प्रशासनिक खर्च | ७,७०,७५,०००। |
| २ | शशर्त अनूदान | ११,७०,०५,०००। | २ | **पुँजीगत विकास खर्च** | १५,५३,१७,६४९। |
| ३ | सामाजिक सुरक्षा भत्ता | ६,००,००,०००। | ३ | **शशर्त कार्यक्रम खर्च** | ११,७०,०५,०००। |
| ४ | अन्य निकाय कार्यक्रम खर्च | ३,९१,४१,०००। | ४ | **अन्य निकाय कार्यक्रम खर्च** | ३,९१,४१,०००। |
| ५ | जनसहभागीता | १७,००,०००। | | समाजीक सुरक्षा | ६,००,००,०००। |
| ६ | राजस्व बाँडफाड | ७,२४,६३,०००। | | | |
| | मालपोतबाट रजिष्ट्रेशन दस्तुर बाँडफाँड | १०,००,०००। | | | |
| ७ | आन्तरिक आय | ३२,२८,५५०। | | | |
| ८ | प्रदेश सरकारबाट प्राप्त अनुदान | १,२९,४७,०००। | | | |
| ९ | गत आ.व.को वांकी सरी आएको | ४,००,०१,०९८.९। | | | |
| | कुल जम्मा | ४६,३१,८५,६४९। | | | ४६,३१,८५,६४९। |

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७६

# कटहरीया नगरपालिका
## दोस्रो नगर सभा
## नीति तथा कार्यक्रम २०७५/०७६

(१) <u>**आर्थिक विकास तर्फ**</u>

**क) कृषि**

- **"किसानसँग मेयर कार्यक्रम"** कृषकहरुलाई आर्थिक स्तर उकास्न आधुनिक व्यवसायिकखेतीकोलागि कृषिमा सिचाई गर्न निशुल्क पानी उपलब्ध गराउने हेतु सबै कृषि मीटरको बिल नगरपालिकाले तिर्ने छ।
- कृषिको राम्रो उत्पादनको लागि उन्नत जातका बिउ, बिजन निशुल्क उपलब्ध गराउनुको साथै माटो परिक्षणको व्यवस्था मिलाउने छ।
- सामुहिक रुपमा व्यवसायिक कृषि गर्ने किसानलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम ल्याइने छ ।
- आधुनिक कृषि व्यवसायिक खेतीको लागि भ्रमण तथा तालिमको व्यवस्था मिलाइनेछ।

**ख) सहकारी**

- सहकारी उत्पादनलाई बढावा दिइने छ।
- ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन तथा नियमन गरिने छ।

**ग) पशु, पंक्षि तथा मत्स्य**

- चिस्यान केन्द्रको स्थापना गरीइनेछ ।
- माछामासुको विक्री वितरणलाई स्वच्छ तथा सफाराख्नको लागि आवश्यक आधार तयार गरिने छ।
- परम्परागत रागां, साढलाई विस्थापित गरि विकशित ब्रिडबाट गाईभैंसिलाई गर्भधारण गराउने व्यवस्था मिलाइने छ।
- व्यवसायिक रुपमा पशुपंक्षि पालन गर्ने व्यवसायिलाई अनुदानको व्यवस्था मिलाईने छ।
- व्यवसायिक माछापालनलाई बढावा दिईने नीतिमा जोड दिइनेछ।

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५

**घ) पर्यटन तथा संस्कृति**

- पर्यटन तथा संस्कृति विकासका लागि पिकनिक स्पट, पार्क व्यवस्थापन, मठ मन्दिरहरु, पुरातात्विक वस्तुहरुको व्यवस्थापनमा सहयोग गरिनेछ ।
- ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मठ मन्दिर, गुम्बाहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ ।

**ङ) उद्योग, वाणिज्य तथा वित्तिय**

- घरेलु उद्योगलाई प्रोत्साहन तथा नियमन गरीनेछ ।
- उत्पादनमा आत्मनिर्भर बन्नका लागि सीप विकासमा जोड दिने नीतिलाई अगाडी बढाइनेछ ।
- वित्तिय संस्थाहरुको स्थापना एवम् प्रोत्साहनमा जोड दिइने छ ।
- नगरपालिकामा औद्योगिक तथा पर्यटकिय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक प्रोत्साहन दिने नीति लिईनेछ ।

**२) <u>सामाजिक विकास तर्फ</u>**

**क) शिक्षा तथा खेलकुद**

- नगरलाई दुई वर्षमा साक्षर नगर बनाउने कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
- मातृभाषामा तथा अंग्रेजी भाषामा अध्ययन, अध्यापनमा जोड दिईने छ ।
- गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रवर्द्धन गर्न प्राथमिकता दिँदै विद्यालयको संस्थागत सुधारको कार्यमा निरन्तरता दिइनेछ ।
- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय जाने वातावरण बनाउन बालमैत्रि शिक्षामा जोड दिइनेछ ।
- प्राविधिक शिक्षाको विकासको लागि नगरपालिकाले निजी क्षेत्रसंग सहकार्य गर्ने नीति लिइने छ ।
- शिक्षकहरुलाई निजको कार्य सम्पादन विद्यार्थीको उतिर्ण नतिजा तथा प्राप्तांक प्रतिशत) को आधारमा दण्ड, पुरस्कार तथा सम्मान गरिने छ ।
- शैक्षिक संस्थाहरुको नियमित अनुगमनका व्यवस्था मिलाइने छ ।
- राष्ट्रिय स्तरको खेल मैदानको लागि पहल गरिने छ ।

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५

**ख) स्वास्थ्य**

- आम जनताको प्राथमिक स्वास्थ्य उपचारको लागि कटहरिया पी.एच.सी.मा २४ सै घण्टा इमर्जेन्सी सेवा उपलब्ध गराउनुको साथै यस न.पा. अन्तर्गत वडा नं. २ जमुनिया र वडा नं. ७ बगहीमा बर्थिङ्ग सेन्टरको शुरुवात गरिने छ।
- आम जनताको प्राथमिक स्वास्थ्य उपचारको ग्यारेण्टी गरिने छ।
- कुनै संघ संस्था वा प्रतिष्ठान शैक्षिक कार्य वा स्वास्थ्य सेवाको क्षेत्रमा कार्य गर्न चाहेमा नगरपालिकाले सहकार्य वा सहयोग गर्ने छ।
- प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नती गर्न पहल गरिँछ।
- स्वास्थ्य चौकीहरुको स्तरोन्नती तथा संस्थागत सुधार गरिनेछ। साथै स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन बाहिरबाट विशेषज्ञ डाक्टर बोलाउने व्यवस्था गरिने छ।
- सम्पुर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ।
- एम्बुलेन्सको लागि पहल एवम् खरीदको प्रकियालाई अगाडी बढाइने छ।
- स्वास्थ्य वीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

- मासिक रुपमा नगर स्तरीय सरसफाई कार्यक्रम चलाइनेछ।
- गुणस्तरीय खाने पानीको लागि **"एक घर एक धारा"** को नारा सहित प्रत्येक टोलमा एक पानी टंकीको व्यवस्था गरिने छ।
- "**एक घर एक चर्पि**"को निर्माणको अभियानलाई अगाडी बढाइने छ।
- **"स्वच्छ शहर कटहरिया नगर"** को नारा अवलम्बन गर्दै प्रत्येक घर नाला र ढलसंग जोडीने छ।
- "**कटहरीया नगर, हरीत शहर**" को लक्ष्य राखी व्यवस्थित वृक्षारोपणको कार्यलाई तिब्रता दिइने छ।
- सार्वजनिक स्थलहरुमा शौचालय निर्माणको कार्यलाई तिब्रता दिदै नगर क्षेत्रलाई पूर्ण सरसफाइयुक्त बनाइने छ।
- लामखुटेको नियन्त्रण गर्न मच्छर मार्ने देखि मच्छरजालि बाँड्ने कार्यक्रम गरिने छ।
- दिशा र पिसाबको व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने संघसंस्थासंग सहकार्य गरिने छ
- दलित महिला बालबालिकालाई सरसफाई सम्बन्धि जनचेतना मुलक कार्यक्रम प्रस्तुत गरिनेछ।

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५

### घ) लैंगिक समानता तथा सामाजिक समावेशिकरण

- **छात्रासँग उपमेयर** स्कुल पढने छात्राहरुलाई सिनेट्री प्याड वितरण गरिनेछ र साइकल वा ल्यापटप वितरणको व्यवस्था मिलाइने छ ।
- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई कार्यक्रम लैजानेछ महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।
- छोरी जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराउँदा सम्मान स्वरुप रु. १००० पुरस्कार दिइने नीति लिएको छु ।
- दलित तथा विपन्न वर्गहरुलाई व्यवस्थित बसोवासको व्यवस्था गर्ने नीति लिएको छु ।
- छात्राहरुलाई विद्‌यालय जान तथा पठनपाठनप्रति प्रेरित गराउन साइकल वितरणको पहल गरिने छ ।

### ङ) शीप विकास

- बेरोजगार महिला तथा पुरुषहरुलाई दक्ष बनाउन विभिन्न शीप मुलक तालिमको व्यस्था मिलाइनेछ ।

## ३) <u>पूर्वाधार विकासतर्फ</u>

### क) सडक तथा पुल

- **"सडक सञ्जालको विस्तार, समग्र नगर विकासको आधार"** भन्ने मान्यताको साथ गत आर्थिक वर्षमा यस नगरपालिकालाई महेन्द्र राजमार्गसँग जोड्न धनसरको बाटो निर्माण गरियो र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सडक सञ्जालसंग जोड्न पहल गर्दै प्रत्येक गाउँ टोललाई दोगारीमुक्त बनाउने सोचका साथ प्रत्येक घरलाई व्यवस्थित सडक सञ्जालसंग जोडिने छ ।
- सडक मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिने छ ।
- सडक सुरक्षा कार्ययोजना तयार गरी तुरुन्त कार्यान्वयनमा ल्याइने छ ।
- बाटोमा पर्ने आवश्यक पुलहरुको सम्भाव्यताको अध्ययन गरी निर्माण प्रकिया अघि बढाइएको छ ।
- नगर भित्र भएका सडकहरुको वर्गीकरण तथा मापदण्ड सहितको सडक संहिता निर्माण गरिने छ ।
- प्रत्येक बस्तीमा निर्धारित मापदण्ड अनुसार आधुनिक नाला निर्माणको कार्यलाई तिब्रता दिइनेछ ।

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५

- समयावधि अगावै निर्माण सम्पन्न पार्ने आयोजनामा १०% रकम थप गर्ने र ढिला गर्ने आयोजनामा १०% रकम कट्टा गरीने छ ।

**ख) सिंचाइ**

- सहज सिचाईका लागि खेत खेतमा पोलको व्यवस्था मिलाइनेछ ।
- खेति योग्य जमिनमा बाह्रै महिना सिंचाईको व्यवस्थाको लागि सोलर ट्युबवेल जडान कार्यलाई पनि प्राथमिकता दिइने छ ।
- आधुनिक सिंचाई प्रविधिमा जोड दिईने छ ।

**ग) भवन तथा शहरी विकास**

- नगरभित्र ईनार भएको जग्गामा प्रतिक्षालय वा सामुदायिक भवन निर्माणमा जोड दिइने छ ।
- सबै सरकारी भवनहरुको लगत तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाईने छ ।
- भवन निर्माणको लागि भवन संहिता लागु गरिने छ ।
- नयाँ सरकारी भवन निर्माण गर्दा एकिकृत शहरी पूर्वाधारको योजना अन्तर्गत निर्माण गरिने छ ।
- जग्गा एकिकरण (Land polling (ल्याण्ड पोलिङ)को नीति मार्फत् शहरी पूर्वाधारको विकाश तथा वस्ती विकाशमा जोड दिइने छ ।
- बजार विस्तारको लागि स्थानिय स्तरबाट नया रोडहरु निर्माण गरी बजारको पुर्वाधार निर्माण गरिने छ ।
- दलित तथा विपन्न वर्गको व्यवस्थित आवास निर्माणको लागि अनुदानको व्यवस्था मिलाईने छ ।
- अव्यवस्थित दलित बस्तीलाई व्यवस्थित गर्न एकीकृत दलित बस्ती विकासमा जोड दिइने छ ।
- यस नगरलाई डिजिटल प्रविधिको विकाशमा जोड दिइ स्मार्ट सिटी बनाइने छ ।

**घ) संचार**

- पत्र पत्रिका तथा एफ.एम. रेडियो संचालन सम्बन्धि आवश्यक कानुन तर्जुमा गरिने छ ।
- कटहरिया एफ.एम. रेडियो संञ्चालन गर्नको लागि अनुदानको व्यवस्था गरिने छ ।
- दुरसंचारलाई भरपर्दो र प्रभावकारी बनाउन विशेष पहल गर्दै फ्री वाईफाई को सुविधा प्रदान गरिने छ ।

कटहरिया नगरपालिका नगर सभा २०७५

- आदरणिय जनसमुदाय, प्रत्येक वडाको केन्द्र रहेको स्थानहरुमा नेपाल टेलीकमबाट टेलिफोन लाईन जडानको लागि जोड दिईनेछ तथा प्रत्येक वडामा ईन्टरनेटको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्बन्धि कार्य अनलाइन मार्फत् सुचारुगरिनेछ ।

४) **<u>वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र</u>**

**क) वातावरण संरक्षण**

- यस नगरमा दाउराको अभाव तथा धुवाँबाट हुने प्रदुषणलाई ध्यानमा राखि चुल्हो धुवाँमुक्त नगर घोषणा गर्दै एक परिवारमा एक ग्याँस चुल्हो वितरणको कार्यलाई निरन्तरता दिइनेछ । यसको लागिआवश्यक रकम विनियोजन गरेको छु ।
- नगरपालिकाको प्रत्येक सडकको दुवै छेऊमा मापदण्ड तोकी वृक्षारोपण कार्यक्रम अगाडी बढाइने छ, ।
- बजार एवम् वस्तीको फोहोर मैला व्यवस्थापन गर्न ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाइने छ ।
- नियमित प्राकृतिक विपद्को रुपमा रहेको बाढी, आगलागि, र शीतलहरबाट बचाउन विशेष कार्यक्रम ल्याइने छ र यसको लागि बारु नियन्त्रण खरिद गरी सेवा उपलब्ध गराइने छ ।
- फोहोरमैला व्यवस्थापनको कार्य गर्ने संघसंस्था वा कम्पनीलाई विषेश अनुदानको व्यवस्था गरिनेछ ।

५) **<u>संस्थागत विकास तथा सेवा प्रवाह</u>**

- नगरभित्रका सरकारी कार्यालयहरुमा ई हाजिरी जडान गरिने छ ।
- नगरभित्रका बजार क्षेत्रमा सि.सि. क्यामरा जडान कार्यलाई विस्तार गरिने छ ।
- विद्यालय, स्वास्थ्य संस्थाहरु, र सरकारी कार्यालयहरुमा ईन्टरनेट तथा सि.सि. क्यामरा जडान गरिने छ ।
- प्रत्येक विद्यालयहरुमा आवश्यक्ता अनुसार फर्निचनरको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका र अन्तर्गतका वडाहरु, विषयगत शाखाहरुको लागि आवश्यक फर्निचर तथा मेशिनरी सामान खरिदगरिने छ ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यकम गरिनेछ ॥

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५

- यस नगरपालिकाभित्रका सबै सार्वजनिक निकायमा अनिवार्य रुपमा नागरिक सहायता कक्षको स्थापना, तथा नागरिक बडापत्र र सुझाव पेटिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतिय माध्यम तथा सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- नगरपालिकाको योजना निर्माण प्रक्रियालाई थप प्रभावकारी बनाउन नगरपालिकाको पार्श्वचित्र निर्माण गरिनेछ ।
- सूचना तथा संचारको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय एफ.एम.हरुसँग समन्वय गरी नगरपालिकाका सूचनाहरुलाई प्रवाह गर्ने व्यवस्थाको निरन्तरता दिइनेछ ।
- नगरपालिकाका सम्पुर्ण सूचनाहरुमा जनताको पहुँच पुऱ्याउन वेवसाइटलाई प्रभावकारी बनाइने छ ।

## ६) **<u>वित्तिय व्यवस्थापन र सुशासन तर्फ</u>**

- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्थाको निरन्तरता सहित प्रभावकारी बनाइने छ ।
- वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । वित्तीय जोखिम न्यूनीकरणको लागि वित्तीय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिईनेछ ।
- नगरपालिकाको आर्थिक कारोबारलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप लेखांकन पद्धतिमा राखिनेछ । अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ ।

अन्तमा आजको यस दोस्रो नगरसभा उद्घाटन समारोहमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिनुहुने प्रमख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, अन्य अतिथि ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदय देखि नै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यावाद !

आज्ञाले,
उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कटहरिया नगरपालिका दोस्रो नगर सभा २०७५